# १२ बिउ जस्तै मरिनु

<u>*यस अध्यायका मूल पदहरू:*</u> फिलिप्पी २:५-९, रोमी १२:१,२, १ शमूएल २:१२-३:१८, १ शमूएल १३:१-१४ र जकिरिया ४:१-१४।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एउटै र त्यतिकै रहन्छ। तर त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ।" यूहन्ना १२:२४।**

परमप्रभुको इच्छामा हामी समर्पित हुनुभनेको के हो भनेर बुझाउन, माटोमा गहुँको दाना रोपिएर त्यो मर्नु जस्तै हो भनेर समर्पित जीवनको तुलना गर्दै चित्रण गर्नु येशूको सिकाउने रोचक शैली मान्नुपर्दछ। प्रथमतः दाना छरिनुपर्छ वा खस्नुपर्दछ। गहुँको बालामा भएको गहुँ खस्न गहुँ आफैको नियन्त्रमा खसेको हुँदैन वा कहाँ र कसरी जमिनमा खस्ने भन्ने निर्णय त्यस गहुँको दानाले गर्दैन। जमिनको वातवारण वा गहुँ खसेको माटो कस्तो छ वा छैन भनेर निर्णय गर्ने अधिकार गहुँको होइन। तर गहुँ जमिनमा पर्दा त्यसको वरिपरि माटोको दवावमा पर्दछ र त्यो बिऊ उकुसमुकस भएर भाग्न सक्दैन।

दोस्रो, माटोभिक रहेको बिऊ उम्रन पर्खिनुपर्दछ। जब गहुँ र गहुँको सार माटोमा पर्दछ तब आफ्नो भविष्य के हो भनेर त्यसलाई थाहा हुँदैन। भविष्यमा उसको जीवन कस्तो हुनेछ भनेर त्यसले कल्पना पनि गर्न सक्दैन। किनभने यो केवल गहुँको दानामात्र हो।

तेस्रो, त्यहाँ मर्ने प्रक्रिया हुन्छ। जबसम्म गहुँ मर्दैन तबसम्म यो उम्रिएर गहुँको बाला बन्न सक्दैन। गहुँ गहुँ नै भएर सुरक्षित भएर आरामसँग माटोमा बस्दा त्यसको मूल्य हुँदैन। यो मर्नै पर्दछ। त्यसको अर्थ आफू पहिला के थियो त्यो पहिचान त्यसले त्याग्नुपर्दछ ताकि बिऊबाट परिवर्तित भएर अरू गहुँहरू फल्ने बिरुवा हुन्छ।

**यस अध्यायको झलकः यदि हाम्रो निम्ति परमप्रभुको इच्छा हाम्रो उच्च हितको निम्ति हो भनेर थाहा छौं त्यसलाई ग्रहण गर्न किन कठिन छ? समर्पित जीवन हुनु भनेको के हो भनेर येशूले नै अनुकरणीय उदाहरणद्वारा हामीलाई देखाउनुभएको छ। तपाईंको आफ्नै जीवनमा गहुँको दानाको चित्रणलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ?**

## १. सेवाहरूको निम्ति समर्पित

**फिलिप्पी २:५-११मा हाम्रो निम्ति के महत्त्वपूर्ण सन्देश दिइएको छ? हेर्नुहोस्, "५ तिमीहरूमा यस्तो मन वा दिमाग होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो। ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।**

वर्तमान मानव सभ्यतामा हामी सबैलाई हाम्रा अधिकारहरूको निम्ति माग गर्दछौं र लड्छौं पनि। त्यो असलै र आफ्नो हकहितको निम्ति संघर्ष पनि गर्नुपर्दछ। तर जब हामी येशूको भक्त हुन्छौं त परमप्रभुको चाहना अनुसार हाम्रा अधिकारहरू त्यागनुपर्ने हुन्छ। परमप्रभुको सेवामा उहाँले खटाउन चाहनु हुन्छ जसले गर्दा हाम्रो सेवाकार्यमा उहाँको राज्यमा अनन्तको प्रभाव परुन्। परमप्रभु र मानव कल्याणको निम्ति समर्पित जीवनमा सम्मिलित हुन असजिलो र अत्यन्तै कठोर प्रक्रिया वा प्रशोधितमा लाग्नुपर्ने हुन्छ। त्यसले अग्निपथमा जानुपर्ने परिस्थिति पनि सृजिन सक्छ।

येशू आफै समर्पित जीवनको निम्ति अग्निपथमा जानु भएको थियो (फिलिप्पी २:५-८)। परमप्रभुको चाहनामा आफूलाई सुम्पिन येशूले तीन कदम चाल्नुभएको थियो। पावलले फिलिप्पी २:५मा जुन मानसिकता वा दिमाग येशूका थियो त्यही दिमाग वा मानसिकता हामीमा हुनुपर्छ भनेर हाम्रो दिमागलाई धक्का दिने वा जगाउने अर्ति दिन्छन्। (मानौं आधुनिक भाषामा येशूको मगज प्रत्येक इसाई हुँ भन्ने दावी गर्नेमा प्रत्यारोपण हुनुपर्छ-त्यस

मगजमा हेर्ने, सोच्ने, भावनाहरू जगाउने आदि अङ्गहरू हुन्छन्। मगनका ती अङ्गहरू येशूद्वारा नै चल्नुपर्ने पावलको धारणा छ-अनुवादक)।

हामीलाई मुक्ति दिन येशूले पितासमानको स्थान त्याग्नुभयो। अनि मानिसका विभिन्न सिमितहरूमा आफूलाई झारेर यस संसारमा मानव आकार लिनुभयो (फिलिप्पी २:६,७)।

येशू कुनै महान्, तेजस्वीमय, महिमित, आदर्णीय र सर्वसम्मानीय व्यक्ति भएर आउनुभएन तर अरू मानव जातिको सेवा गर्न विनम्र, दविने, हेपिने, झुकिने सेवक हुनुभयो (फिलिप्पी २:७)।

मानव सेवक हुनुभएर येशूको जीवन सबै ठिक ठिक, शान्तिपूर्ण, सर्वमान्ने भएर बिताउनुभएन।अझ उहाँको मानव जीवन छोटो थियो। यस संसारमा लामो आयु हुन उहाँ आउनुभएको थिएन तर मृत्यसम्मै आज्ञाकारी हुन उहाँ आउनुभएको थियो। उहाँ गौरवपूर्ण, सर्वमान्ने वा सम्मानसाथ मर्नुभएन। अहँ, उहाँ मृत्यसम्मै आज्ञाकारी हुनुभयो त्यो पनि रोमी साम्रज्यले आविष्कार गरेको निष्ठुर मृत्युदण्ड क्रुसमा टाँगिनु भयो (फिलिप्पी २:८)।

हाम्रो जीवनका कुन क्षेत्रहरू छन् जसले येशूको उदाहरण हाम्रो निम्ति अनुकरणीय हुन सक्छ? यदि अधिकार र समानता असल र सुरक्षित राख्नु त पर्दछ, तर हामी येशूका अनुयायी भएकोले कहिलेकाहीँ तिनीहरूलाई त्याग्नुपर्ने तर्कालाई तपाईंले कसरी व्याख्या गर्नुहन्छ? अब फिलिप्पी २:९ पढ्नुहोस् जसमा लेखिएको छ, "त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ।" परमप्रभुको इच्छामा समर्पित हुने तर्कमा यस पदलाई हामीले कसरी बुझ्ने?

**पवित्र आत्माबाट ज्ञान र बुद्धीको निम्ति आत्मआलोचना गर्दै यो प्रार्थना गर्नुहोस्, "मैले के अधिकार अहिले नै पकडि राखेकोछु जसले गर्दा येशूमा पूर्ण समर्पित जीवन दिन बाधा भइरहेको छ जसले गर्दा मेरो परिवार, मेरो चर्च र समाजलाई सेवा गर्न रोक लगाइरहेको छ? अरूहरूलाई अझ प्रभावकारीरूमा सेवा गर्न के असहज परिस्थितिलाई सहन म कतिको राजि छु?**

## २. परमप्रभुको इच्छा थाहा पाउनुभन्दा अघि मृत्यु हुनुपर्छ

येशूका पछि लाग्ने धेरैले भित्री हृदयदेखि तिनीहरूको जीवनमा परमप्रभुको इच्छा र योजनाहरू जान्न चाहन्छन्। कतिपयले यो पनि भ्न हिचकिचाउँदैन "यदि मेर जीवनमा परमप्रभुको इच्छा के हो सो जानेको भएर म सबैथोक त्याग्न तयार हुन्थें।"**यस्तो** प्रतिज्ञा गरेपछि पनि कतिपय समयमा

उहाँको इच्छाको बारेमा हामी अन्यौल हुन्छौं। यस अन्यौलताको कारण रोमी १२:१,२मा पाउन सक्छ। परमप्रभुको इच्छा के हो कसरी थाहा पाउने भनेर पावलले व्याख्या गर्दै एउटा महत्त्वपूर्ण कुरो औंल्याउँछन्: यदि तपाईंले परमप्रभुको इच्छा जान्न चाहनुहुन्छ भने तपाईंले पहिला त्याग गर्नुपर्छ रे!

रोमी १२:१,२मा लेखिएको छः "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।"

१. हामीसँग परमप्रभुको कृपाको बारेमा सही ज्ञान छ (रोमी १२:१)।
२. परमप्रभुलाई मरेको वा शहीद भएको इसाईको काम नभएकोले उहाँको निम्ति जीवित बलिदान वा जिउँद शहीद भएर उहाँलाई चढाउनुपर्दछ (रोमी १२:१)।
३. हाम्रा दिमाग, मन, मानसिकता परिवर्तित भएका छन् (रोमी १२:२)।

परिवर्तित दिमाग वा मानसिकतालेमात्र परमप्रभुको इच्छा सही वा सत्यरूपमा बुझ्न सकिन्छ। तर यस परिवर्तित वा पुनरुज्जीवित दिमाग, मन वा मानसिकता हामीमा हुन हाम्रो पहिलो "म" वा स्वयंलाई मारिनुपर्दछ। हाम्रो निम्ति येशू दुःख पाउनुमात्र पर्याप्त थिएन तर उहाँ मर्न नै परेको थियो।

**तपाई कुन क्षेत्र वा बानीहरू छन् जुन पूरारूपमा मर्नु भएको छैन भनेर देखाउन पवित्र आत्मासँग प्रार्थना गर्नुहोस्। तपाईं जीवित बलि हुन पवित्र आत्माले तपाईंको जीवनमा के के छन् भनेर देखाउनुहुन्छ, तब तपाईंले के गर्ने?**

हाम्रो जीवनको कुनै क्षेत्रहरू छन् जुन स्वार्थ वा स्वयं पूरा मरिएको छैन, तब त्यतातिर ध्यान लगाउन दिन परमप्रभुले कठोर परीक्षाहरू आउन दिनुहुन्छ। तर, हाम्रो दुःखकष्टले हाम्रो पापको सामना गर्नमात्र सहयोग गर्दैन यसले हाम्रो निम्ति येशूले के त्याग गर्नुभयो सोको भित्री आत्मज्ञानलाई हामीलाई प्रकट गर्दछ। इसाई लेखक इलिजाबेथ इलियट लेख्छिन्, "हाम्रो हृदयको भित्री चाहनालाई समर्पण गर्ने मनोरथले क्रूसको बारेमा अझ राम्रसँग बुझ्न मद्दत गर्दछ। हामीहरूको मुक्तिदाताको असिमित कष्टको तुलनामा खास केही नभएतापनि हाम्रो आफ्नै क्रूसको जीवनले येशूको बारेमा बुझ्न अवसर

मिल्न सक्दछ र उहाँको कष्टमा हामी पनि सहभागी भएको प्रत्याभूति हामी पाउन सक्दछ। हामीले पाउने कुनै प्रकारको दुःखकष्टमा उहाँले उहाँको कष्टमा सहभागी हुन आह्वान गर्नुहुन्छ।"-*क्वेस्ट* फर द लभ, (ग्राण्ड रापिड, मिशिगन, फ्लेमिङ्ग, १९९६), पृ. १८२बाट रूपान्तरित।

**रोमी १२:१,२लाई दिमागमा राखेर प्रार्थना गर्नुहोस्। तपाईं आफै जिउँदो बलि हुन के के त्यागनुपर्छ सो सोच्नुहोस्। तपाईंको निम्ति येशूले क्रूसमा कस्तो दुःख सहनुभयो तपाईंकै त्यागने अनुभवले कसरी सहयोग गर्दछ? यस आत्मज्ञानले तपाईं येशू र उहाँको कष्टमा सहभागी हुने परिस्थितिमा तपाईं कसरी पर्न सक्नुहुन्छ?**

## ३. सुन्न राजी

**"तब परमप्रभु त्यहाँ आएर उभिनुभयो, र अघिजस्तै बोलाउनुभयो, “शमूएल, शमूएल।” शमूएलले जवाफ दिए, “भन्नुहोस्, तपाईंको दास सुन्दैछ।” १ शमूएल ३:१०।**

के तपाईंले कहिलै दिमागमा पवित्र आत्माको मधुरो र शान्त आवाज सुन्नुभएको छ तपाईंले वेवास्ता गर्नुभएको छ? त्यसको फलस्वरूप सबै थोक गलत वा गडबड हुन गयो अनि पछि तपाईंले त्यो आवाजको बारेमा सोच्नुभयो, ओहो, कस्तो रहेछ, मेरो दिमागमा *पहिलानै आएको आवाज वा के गर्नुपर्छ र गर्नुहुन्न भन्ने आवाजलाई मैले किन सुनिनँ?* भनेर आफूले आफैलाई थाप्लोमा हात राखेर गालिगर्नुहुन्छ।

शमूएलको कथामा परमप्रभुका बृद्ध प्रधान पूजारी तथा इस्राएलको न्यायकर्ता वा बडा हाकिम एली र उनका दुई छोराहरू जसले परमप्रभुको कुरा सुनेन् तर एक जना सानो बालकले सुन्दछन्। के गर्नुपर्छ र के गर्नुहुन्न भन्ने मामिलामा परमप्रभुले विभिन्न कडा चेतावनीहरूसाथ इस्राएलका अगुवाहरूलाई सन्देश दिनुभएको थियो। ती सुनेर तिनीहरू आफ्नो बाटो सच्याएर हिंड्नु पर्दथ्यो, तर तिनीहरूले परिवर्तन हुन वेवास्ता गरेका थिए।

**परमप्रभुलाई सुन्ने र नसुन्नेको बीचमा भिन्नता के रहेछ भनेर देहायका विवरण हेर्नुहोस "१२ एलीका छोराहरू दुष्ट थिए, परमप्रभुको निम्ति तिनीहरूमा श्रद्धा थिएन। १३ मानिसहरूप्रति पूजाहारीहरूले गर्नुपर्ने व्यवहारको रीति यस्तो थियोः जब कुनै मानिसले बलिदान चढाउँथ्यो तब मासु उम्लिरहँदा पूजाहारीको सेवक त्रिशूल लिएर आउँथ्यो, १४ र त्रिशूलले कराही वा ताप्के वा तसला वा खड्कुँलोमा भएको मासु घोच्थ्यो, र त्यसरी आएको जतिचाहिँ पूजाहारीले लाने**

गर्थे। शीलोमा बलिदान चढ़ाउनलाई आएका सबै इस्राएलीहरूसित तिनीहरूले
त्यस्तै व्यवहार गर्थे। १५ बोसो जलाउन अघि नै पूजाहारीको सेवक आएर
बलिदान चढ़ाउने मानिसलाई भन्थ्यो, "पूजाहारीको लागि पकाउनलाई मलाई मासु
देऊ। अघिबाटै उमालेको मासु तिनी लिँदैनन्, केवल काँचो मासु मात्र
लिन्छन्।"
१६ "पहिले बोसो जलाउन देऊ, र तिमीले मागेको जति लैजाऊ" भनी
यदि कुनै मानिसले जवाफ दियो भने त्यस सेवकले यसो भन्थ्यो, "होइन, त्यो
मलाई अहिले नै देऊ, नत्रता म जबरदस्ती खोसेर लैजानेछु।" १७ ती जवान
मानिसहरूको पाप परमप्रभुको दृष्टिमा साह्रै बढ्ता भयो, किनभने तिनीहरूले
परमप्रभुको बलिदानलाई अवहेलना गरे।
१८ तर बालक शमूएल मलमलको एपोद लगाएर परमप्रभुको सेवामा
निरन्तर लागिरहे। १९ हरेक साल तिनकी आमाले तिनलाई एउटा सानो कुर्ता
बनाइन्, र तिनका पतिसँग वार्षिक बलिदान चढ़ाउन जाँदा शमूएलको निम्ति त्यो
लगिदिन्थिन्। २० एलीले एल्काना र उनकी पत्नीलाई आशीर्वाद दिएर भन्थे,
"तिमीले मागेको यस छोराको सट्टामा परमप्रभुले तिमीलाई यस स्त्रीबाट
छोराछोरीहरू दिऊन्।" त्यसपछि तिनीहरू आफ्नो घर फर्कन्थे। २१ परमप्रभुले
हन्नाहमाथि अनुग्रह गर्नुभयो, र तिनी गर्भवती भएर तीन छोरा र दुई छोरी
जन्माइन्। उता बालक शमूएल परमप्रभुको सामुन्ने बढ्न लाग्यो।
२२ एली अब साह्रै वृद्ध भएका थिए, र उनका छोराहरूले सारा
इस्राएलमाथि कस्तो व्यवहार गर्दछन् भनी उनले सुने। भेट हुने पालको ढोकामा
सेवा गर्ने स्त्रीहरूसँग सहवास गरेका कुरा पनि उनले सुने। २३ यसकारण
उनले तिनीहरूलाई भने, "तिमीहरू किन यस्तो काम गर्दछौ? तिमीहरू दुष्ट
व्यवहार गर्दछौ भन्ने कुरा म सबै मानिसहरूका मुखबाट सुन्दैछु। २४ होइन,
मेरा छोरा हो, जे म सुन्दैछु, परमप्रभुका मानिसहरूका बीचमा फैलिएको यस्तो
कुरो असल छैन। २५ यदि मानिसले मानिसको विरुद्धमा पाप गऱ्यो भने
परमेश्वरले हस्तक्षेप गर्नुहोला। तर यदि मानिसले परमेश्वरको विरुद्धमा पाप
गऱ्यो भने त्यसको पक्षमा कसले बोलिदिने?" यी सबै कुरा सुने तापनि तिनीहरूले
आफ्ना पिताका कुरामा ध्यान दिएनन्, किनभने तिनीहरूलाई मार्ने परमप्रभुको
इच्छा थियो। २६ अनि बालक शमूएल कदमा तथा परमप्रभु र मानिसहरूका
निगाहमा बढ्दैगए।
२७ अब परमेश्वरका एक जना दास एलीकहाँ आएर उनलाई भने,
"परमप्रभु यसो भन्नुहुन्छः 'के मैले आफूलाई तिम्रो पिताको घरानाकहाँ मिश्रमा

तिनीहरू फारोको दासत्वमा हुँदा प्रकट गरेको थिइनँ? २८ मैले इस्राएलका सबै कुलहरूमध्ये तिम्रा पितालाई मेरो पूजाहारी हुन, मेरो वेदीका खुट्किलामा उक्लन धूप बाल्न र मेरो सामु एपोद लगाउन छानें। इस्राएलका सबै अन्न-बलि तिम्रा पिताका घरानाको निम्ति अलग पनि गरिदिएँ। २९ किन तिमीहरू मैले आदेश दिएका मेरो वासस्थानको निम्ति बलिदानहरू र भेटीहरूलाई अनादर गर्छौ? तिमीले मेरो प्रजा इस्राएलले चढ़ाएका सबै बलिदानको असल भागलाई आफ्नो निम्ति राखी किन तिम्रा छोराहरूलाई मलाई भन्दा बढ़ी सम्मान गर्छस्?'

३० "त्यसकारण परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छः तिम्रो परिवार र तिम्रफ पिताको परिवारले सधैंभरि मेरो सामुन्ने सेवा गर्नेछौ भनी मैले प्रतिज्ञा गरेको थिएँ। तर अब परमेश्वर यसो भन्नुहुन्छः 'अब यस्तो हुनेछैन। मलाई आदर गर्नेलाई म आदर गर्नेछु, र मलाई तिरस्कार गर्नेहरू तुच्छ ठानिनेछन्। ३१ समय आउँदैछ, जब तिम्रो र तिम्रा परिवारको बल यसरी घटाइदिनेछु कि तिम्रा वंशमा कोही वृद्ध मानिस हुनेछैन। ३२ मेरो वासस्थानमा तिमीले सङ्कष्ट देख्नेछौ। इस्राएलको निम्ति भलो गरिनेछ, तापनि तिम्रो परिवारमा अब उप्रान्त कहिल्यै कुनै वृद्ध मानिस हुनेछैन। ३३ मेरो वेदीको सेवाबाट मैले कसैलाई छोड्छु भने तिम्रा आँखामा आँसु र हृदयमा शोक पार्नलाई मात्र बचाएर राख्नेछु, र तिम्रा सबै सन्तानहरू जीवनको चरम अवस्थामा मर्नेछन्।

३४ " 'तिम्रा दुई छोराहरूका दुर्दशा तिम्रो निम्ति एउटा चिन्ह हुनेछ। होप्नी र पीनहास दुवै एकै दिनमा मर्नेछन्। ३५ म मेरो निम्ति एउटा विश्वासी पूजाहारी नियुक्त गर्नेछु, जसले मेरो मनमा र हृदयमा भएको कुराअनुसार गर्नेछ। त्यसको परिवारलाई स्थिर गराउनेछु, र त्यसले मेरो अभिषिक्त मानिसको सामु पुस्तौंसम्म सेवा गर्नेछ। ३६ तिम्रा परिवारमा जीवित रहने हरेकले एक टुक्रा चाँदी र एक गाँस रोटी पाउनलाई तिनको सामु गएर नम्रतापूर्वक झुक्नेछ र बिन्ती गर्नेछ, "मलाई कुनै पूजाहारी पदमा नियुक्त गर्नुहोस् र मसित खानलाई भोजन होस्'।" १ शमूएल २:१२-३६ र " १ अब बालक शमूएल एलीको अधीनमा परमप्रभुको सेवा गर्दथे। त्यस बेला परमप्रभुको वचन विरलै सुनिन्थ्यो, अनि दर्शन पनि उस्तो दिइँदैनथ्यो। २ एक रात एली आफ्नो नियमित ठाउँमा पल्टिरहेका थिए। एलीका आँखा धमिला भइसकेका थिए, र तिनले राम्ररी देख्न सक्दैनथे। ३ शमूएलचाहिँ परमेश्वरको सन्दूक भएको परमप्रभुको मन्दिरमा सुतिरहेका थिए। परमेश्वरको बत्ती निभेको थिएन। ४ तब परमप्रभुले शमूएललाई बोलाउनुभयो। शमूएलले जवाफ दिए, "म यहीं छु।" ५ अनि दगुरेर एलीकहाँ गएर तिनले भने, "तपाईंले मलाई बोलाउनुभयो। म यहाँ छु।" तर

एलीले भने, “अँहँ, मैले तँलाई बोलाइनँ। जा, गएर सुत्।” तब तिनी गएर सुते।
६ परमप्रभुले फेरि शमूएललाई बोलाउनुभयो। अनि तिनी उठेर एलीकहाँ गए र
तिनले भने, “म यहाँ छु। तपाईंले मलाई बोलाउनुभयो।” एलीले भने, “मेरो छोरो,
मैले तँलाई बोलाइनँ। जा, गएर सुत्।” ७ अब शमूएलले अझसम्म परमप्रभुलाई
चिनेका थिएनन्। परमप्रभुको वचन तिनलाई प्रकट गरिएको थिएन। ८
परमप्रभुले तिनलाई तेस्रो पल्ट बोलाउनुभयो, र एलीकहाँ गएर तिनले भने, “म
यहाँ छु। तपाईंले मलाई बोलाउनुभएको हो।” तब परमप्रभुले यस बालकलाई
बोलाइरहनुभएको रहेछ भनी एलीले बुझे। ९ उनले शमूएललाई भने,
“ढल्किबस्, र यदि उहाँले फेरि बोलाउनुभयो भने यसो भन्नू, ‘परमप्रभु, भन्नुहोस्,
तपाईंको दास सुन्दैछ’।” तब शमूएल गएर आफ्नो ठाउँमा ढल्किए। १० तब
परमप्रभु त्यहाँ आएर उभिनुभयो, र अघिजस्तै बोलाउनुभयो, “शमूएल, शमूएल।”
शमूएलले जवाफ दिए, “भन्नुहोस्, तपाईंको दास सुन्दैछ।”

११ अनि परमप्रभुले शमूएललाई भन्नुभयो, “हेर, म इस्राएलमा चाँड़ै
केही गर्नेछु, र त्यसले गर्दा सुन्नेहरू सबैका कान झन्किनेछन्। १२ जब त्यो
दिन आउनेछ तब मैले एली र त्यसका परिवारको विरुद्धमा भनेको हरेक कुरो
सुरुदेखि आखिरसम्मै म पूरा गर्नेछु। १३ मैले त्यसलाई भनेको थिएँ, कि म
त्यसका परिवारको सधैं इन्साफ गर्नेछु, किनभने परमेश्वरको विरुद्धमा त्यसका
छोराहरूले आफूलाई घृणास्पद बनाएका जानेर पनि त्यसले तिनीहरूलाई रोकेन।
१४ यसकारण एलीका परिवारको विरुद्धमा मैले यो शपथ खाएको छु, ‘एलीका
घरानाको पाप कुनै पनि बलिदान वा भेटीले मेटिनेछैन’।” १५ शमूएल
बिहानसम्मै सुतिरहे। त्यसपछि तिनले परमप्रभुको भवनका ढोकाहरू खोले।
त्यस दर्शनको विषयमा एलीलाई भन्न तिनी डराए, १६ तर एलीले शमूएललाई
बोलाएर भने, “हे मेरो छोरो शमूएल।” तिनले भने, “म यहाँ छु।” १७ एलीले
सोधे, “परमप्रभुले तँलाई के भन्नुभयो? मलाई त्यो नलुकाई भन्। उहाँले तँलाई
भन्नुभएका सबै कुरामा एउटै कुरा लुकाइस् भने पनि परमेश्वरले तँसित
कठोरतासाथ व्यवहार गरून्।” १८ यसैले शमूएलले उनलाई सबै कुरा
बताइदिए, केही कुरा पनि लुकाएनन्। एलीले भने, “उहाँ परमेश्वर हुनुहुन्छ,
उहाँको दृष्टिमा जे कुरो ठीक छ, सो गरून्।” १९ जसै शमूएल बढ्न लागे,
परमप्रभु तिनीसँग हुनुभयो, र उहाँका वचनहरूमा एउटै पनि अपूर्ण रहेन। २०
अनि दानदेखि बेर्शेबासम्मका सारा इस्राएलले शमूएल परमप्रभुका अगमवक्ता
भएछन् भनी मान्यता दिए। २१ परमप्रभु शीलोमा देखा पर्दैरहनुभयो, र त्यहाँ

**उहाँले आफ्नो वचनद्वारा आफूलाई शमूएलकहाँ प्रकट गर्नुभयो।" १ शमूएल ३।**

परमप्रभुको इज्जत राख्नुभन्दा एलीका छोराहरूको दिमागमा अर्कै कुराहरू घुमिरहेका थिए। परमप्रभुले के गरेको चाहनुहुन्थ्यो सो गरोस् भनेर एलीले सुने पनि उनले तिनीहरूलाई कजाएनन्। र उनका छोराहरूले परमप्रभुको चाहना अनुसार अनुशासनमा बसेर समर्पित जीवन बिताउन चाहेका थिएनन्। तर तिनीहरूको तुलनामा बालक शमूएल कस्तो फरक थियो!

अमेरिकाको प्रख्यात प्रचारक चार्ल स्टानलीले परमप्रभुको आवाज सुन्न दिमागलाई खुला राख्ने बानी बसाल्नुपर्छ भन्नुहुन्छ। उनले त्यस बानीलाई "ततस्थमा सर्नु" भन्नुहुन्छ। उहाँले भन्नुहुन्छ, "केवल जानकारी वा सूचना दिनमात्र पवित्र आत्माले काम गर्नुहुन्न। जब उहाँले बोल्नु हुन्छ तब त्यसको जवाफ हामीबाट आउन अपेक्षा गर्नुहुन्छ। जब हामीले काम गर्ने योजनामा त्यस योजनाको ठूलो भागमा हामी समय बिताउँछौं त्यो समयको बरबाद हो भनेर उहाँले औंल्याउनुहुन्छ र त्यसको बिपरित के गर्नुपर्ने हो सो उहाँले सल्लाह दिनुहुन्छ। जब त्यसो हुन्छ, उहाँ चुपचाप बस्नुहुन्छ। हामी ततस्थ भएको उहाँ चाहनुहुन्छ अर्थात् ठिक र बेठिकको बीचमा हामी उभिरहेका छौं भनेर हामी महसुस गरोस् भनेर उहाँ पर्खिनुहुन्छ। अनि उहाँलाई सुन्न हामी राजी हुनेछौं र उहाँको वचन पालन गर्न हामी तयार हुनेछौं।"- *द वन्दरफुल स्पिरित फिल्द लाइफ,* नाशभिल, टेनस्सी, थोमास, १९९२, पृ. १७९,१८०बाट रूपान्तरित।

**"ततस्थ हुन राजी" भनेर स्टानली भन्नुभएको अर्थ के हो? जब तपाईं परमप्रभुको आवाज सुन्न चाहनुहुन्छ तर त्यो सुन्न बाधा दिन तपाईंमा के होला, जसले तपाईंलाई ततस्थमा राख्नबाट रोक्दछ? अनि ततस्थ हुनुभयो भने उहाँको आवाजलाई पहिल्याउन सक्नुहुनेछ र मान्न तयार हुनुहुनेछ? तपाईंको जीवनमा के परिवर्तन ल्याउनु पर्छ जसले परमप्रभुको आवाज सुन्ने खुबी बढाउनुहुन्छ र उहाँको निर्देशनमा जाने तपाईंले ठोस निर्णय गर्न सक्ने हुन्छ?**

## ४. आत्मभरोसा, आत्मनिर्भर वा आफ्नै निर्णय मात्र ठिक हो भनेर चल्ने प्रवृत्ति

परमप्रभुको वचनप्रति शङ्का गर्‍यो भन्दैमा हव्वाले अदनको बगैंचामा पाप गरेका थिएनन्। के ठिक र के बेठिक छ सो निर्णय गर्न आफूसँग मात्र चाहिने मात्रामा बुद्धिज्ञान छ भनेर आत्मविश्वास गर्नु नै उनको समस्याको केन्द्रविन्दु थियो। जब परमप्रभुको वचनलाई वेवास्ता गरेर हामी आफ्नै

निर्णयमा चल्छौं तब धेरै खालका समस्याहरूको आउन दिन हामी ढोका खुला गर्दछौं।

आत्मभरोसा वा आफू नै ठिक छु भनेर आत्मविश्वास गर्ने कदमहरू राजा सावलले देखाएका छन्। त्यसले गर्दा उनको जीवनमा धेरै दुःखद घट्नाहरूको सामना गर्नुपरेका थिए। शमूएलले दाउदलाई परमप्रभुको राजा हुन अभिषेक गरेका थिए (१ शमूएल १०:८)। अनि शमूएलले सावललाई विशेष र स्पष्ट निर्देशनहरू दिएका थिए (१ शमूएल १०:८), तर शमूएलले त्यसको सरासर वेवास्ता गरेका थिए।

**आफ्नो पतनलाई निम्त्याउन सावलले के कदम चालेका थिए? हेर्नुहोस्, " १ शाऊल राजा हुँदा तीस वर्षका थिए। उनले इस्राएलमा बयालीस वर्ष राज्य गरे।**

**२ शाऊलले इस्राएलका तीन हजार मानिसहरूलाई चुने– दुई हजार उनीसँग मिकमाशमा र बेथेलको पहाड़ी देशमा थिए, र एक हजार जोनाथनसँग बेन्यामीनको गिबामा थिए। बाँकी मानिसहरूलाई चाहिँ उनले घरमा पठाइदिए। ३ जोनाथनले गिबामा भएको पलिश्ती चौकीमाथि आक्रमण गरे, र त्यसको खबर पलिश्तीहरूका बीचमा फैलियो। शाऊलले "सबै हिब्रूहरूले सुनून्" भनेर देशको चारैतिर तुरही फुक्न लगाए। ४ यसैले "शाऊलले पलिश्ती चौकीमाथि आक्रमण गरेछन्, र अब पलिश्तीहरूले इस्राएललाई घृणा गर्छन्" भनी सारा इस्राएलीहरूले सुने। तब उनको आह्वानलाई सुनेर तिनीहरू गिलगालमा शाऊलकहाँ भेला भए। ५ पलिश्तीहरू इस्राएललाई आक्रमण गर्न जम्मा भए। उनीहरूसित तीन हजार रथ र छ हजार रथ चालक तथा समुद्रको किनारका बालुवा जतिकै अनगन्ती पैदल-सिपाहीहरू थिए। उनीहरूले उक्लेर बेथ-आवनको पूर्वतिर मिकमाशमा छाउनी हाले। ६ इस्राएलीहरू घोर सङ्कष्टमा परे, किनभने तिनीहरू साह्रै पेलिए। यसैले तिनीहरू ओड़ार र झाड़ीहरूमा, चट्टानका बीच-बीचमा, र खाड़लहरू र इनारहरूमा लुके। ७ कोही हिब्रूहरू यर्दन नदी पार गरेर गाद र गिलादका जिल्लाहरूमा पनि भागे। तर शाऊलचाहिँ गिलगालमा नै बसिरहे र उनका पछि लागेका सबै मानिसहरू डरले काँप्न लागे। ८ शमूएलले ठहराएअनुसार शाऊल सात दिनसम्म पर्खिरहे, तर शमूएल गिलगालमा आएनन्। मानिसहरू शाऊलदेखि हट्न लागे। ९ यसकारण उनले भने, "होमबलि र मेलबलिहरू यहाँ मकहाँ ल्याऊ।" तब उनले नै होमबलि चढ़ाए। १० शाऊलले बलिदान चढ़ाइसकेका मात्र थिए, तब शमूएल आइपुगे। शाऊल तिनलाई भेट गर्नलाई गए। ११ शमूएलले भने, "यो तपाईंले के गर्नुभयो?" शाऊलले जवाफ दिए, "मानिसहरू**

**मबाट हटिरहेका मैले देखें, र तपाईंले प्रतिज्ञा गर्नुभएको समयमा तपाईं पनि आउनुभएन, र पलिश्तीहरू मिकमाशमा जम्मा हुँदैथिए, १२ अनि मैले यही विचार गरें कि पलिश्तीहरू मेरो विरुद्धमा गिलगालमा आउनेछन्, र मैले परमप्रभुका निगाहको निम्ति बिन्ती गरेको छैनँ। यसैले म आफैले यो होमबलि चढ़ाउन बाध्य भएको अनुभव गरें।" १३ शमूएलले शाऊललाई भने, "तपाईंले मूर्ख काम गर्नुभयो। परमप्रभु तपाईंका परमेश्वरले तपाईंलाई दिनुभएको आज्ञा तपाईंले पालन गर्नुभएन। यदि तपाईंले पालन गर्नुभएको भए त उहाँले तपाईंको राज्य इस्राएलमाथि सधैंको निम्ति स्थिर गराउनुहुनेथियो। १४ तर अब तपाईंको राज्य निरन्तर रहनेछैन। परमप्रभुले आफैले रुचाउनुभएको एक जना मानिस खोज्नुभएको छ, र तिनलाई नै आफ्ना प्रजाका अगुवा हुनलाई नियुक्त गर्नुभएको छ, किनभने तपाईंले परमप्रभुको आज्ञापालन गर्नुभएन।" १ शमूएल १३:१-१४।**

सावल राजा हुनेवित्तिक्कै उनी आफू को न कोको भनेर अभिमानी हुन थालेर उनी आत्मनिर्भर, आत्मभरोसा वा आफ्नै खुट्टामा उभिने मानवीय अहँताले रन्थनि थाले। तब उनको पतन हुन उनले नै तीन कदमहरू चाले। ती कदमहरू आफै नराम्रो नभएतापनि तिनीहरूले ल्याउने दुःखका तत्वहरू थिए, किनभने ती कदमहरू परमप्रभुबाट स्वतन्त्र भएर चालेका थिए। हेर्नुहोस्, श्रृङ्खलावद्धरूपमा उनले चालेका कदमहरू:

१. आफ्ना सैनिकहरू छरिएको र शमूएलको अनुपस्थितिलाई, सावलले भने, "मैले देखें" (१ शमूएल १३:११)। सावल अत्यन्तै दवावमा थिए र आफ्नै आँखाले के भइरहेको थियो त्यसको मूल्याङ्कन उनले गरेका थिए।
२. "मैले देखें"बाट "मैले भनें" भनेर सावल एक कदम अघि बढे। इस्राएलमाथि फिलिस्तीहरूले जित्नेछन् (१ शमूएल १३:१२) भनेर महसुस उनले गरेका थिए। उनले आफ्नै आँखाले जे देखे त्यसले उनको सोचलाई आकार दिएका थियो। परमप्रभुसँग प्रार्थना नै नगरि त्यो परिस्थितिको अनुमान आफैले गरेका थिए।
३. "मैले भने"बाट अर्को कदम चालेर "मैले महसुस गरें" भने। उनको अधिकारभन्दा बाहिर गएर बेदीमा बलि चढाए (१ शमूएल १३:१२)। सावलले जे सोचे अव उनका भावनाहरूको आकृति बन्न पुगे।

हामी सबैले कुनै न कुनै समयमा आफ्नै बलबुद्धि वा आफैमा निर्भर भएर यी कदमहरू चालेका छौंः हाम्रै मानवीय आँखाले जे देखेकाछौं त्यसमा हामी भरपर्दछौं। त्यसले हाम्रै सोचबिचारतिर डोऱ्याउँछ, अनि त्यसले हाम्रा मानवीय भावनाहरूमा भर पर्न अगुवाइ गर्दछ।

**सावललाई आफ्नै निर्णयमा जान किन सजिलो भएको होला? सोच्नुहोस्। उनको कानमा परमप्रभुका स्पष्ट निर्देशनहरू गुञ्जिरहेतापनि त्यसलाई नसुन्न उनले कठोर हृदय सृजना गरेका थिए। हामी कम्जोरी छौं, हामीमा कमीहरू छन्, हामीमा अपूर्ण ज्ञानहरू छन् भनेर थाहा पाउँदा पाउँदै पनि परमप्रभुसँग प्रार्थना नगरि हामी आफैमा किन भरपरिरहन्छौं? हाम्रा सोचबिचार, विद्या, खुबी, भावनाहरूमा भन्दा परमप्रभुका आज्ञा वा निर्देशनहरूमा भर पर्न र भरोसा राख्न सिक्न के गर्नुपर्छ होला?**

## ५. बिकल्पहरू

जब आफ्नै बाहुबल, बुद्धि र अहं वा आत्मभरोसामा भर पर्छौं तब परमप्रभुमा भर पर्न बाधा ल्याउँछ भनेर अगाडि हेऱ्यौं। त्यतिमात्र होइन परमप्रभुको बिकल्पमा अरू मानिसहरू, अरूहरूको सोचबिचार र थोकहरूमा पनि भरपर्न सम्भव छ। जब कसैलाई दिक्क लाग्छ, उदासिन हुन्छ तिनीहरू पसलमा गएर आफूलाई खुशी पार्ने कुराहरू किन्छन्। जब कोही आफूमा नपुग भएको वा कसैले भाऊ नदिएको अनुभव गर्छ तब ऊ प्रख्यात हुन विभिन्न उपायहरूमा लाग्छन्, जस्तै राजनीति, गायक, फिल्मका पात्र, खेल, फेसबुकको लत, फिलिम हेर्न, धन कमाउने होडवाजीमा लाग्ने आदि। जब कोही आफ्ना वैवाहिक जीवनमा खटपट हुन्छ तब अरू व्यक्तितिर लागेर रमाइलो गर्न चाहेको हुन्छ।

हामीले प्रयोग गर्ने कतिपय थोकहरूले हामीलाई भएको चाप वा दवाबबाट उन्मुक्ति पाउन सहयोग गर्न सक्छ। तर ती सबै थोकहरूले समस्याहरू समाधान गर्छ भन्ने छैन न त अर्को पल्ट त्यही समस्या आउँदा कसरी राम्रोसँग सम्हाल्ने भनेर सिकाउँदछ। केवल परमप्रभुको अपार सहयोगलेमात्र समस्याहरूबाट हामीले राहत पाउन सक्छौं। मानवीय समस्या भनेकै परमप्रभुमा भर पर्नुको सट्टा अरू विकल्पहरूमा भरपर्नु हो।

परमप्रभुको विकल्पमा हामीले तीन कुराहरूमा भरपर्न सक्दछौं

१. हामीलाई परमप्रभुको ताजा आत्मज्ञान पाउन मानवीय तर्क र विगतको अनुभवलाई प्रयोग।

२. परमप्रभुको समाधानको आवश्यकता भएको बेलामा समस्याहरूलाई हाम्रो दिमागबाट हटाउन खोज्नु।
३. जब हामीलाई परमप्रभुको शक्ति, ज्ञानको आवश्यकता पर्छ तब त्यसलाई पन्छाउँदै वास्तविकताबाट भाग्न खोज्नु।

जब हामी विकल्पहरूको खोजि गर्ने प्रलोभनमा पर्छौं तब हामी केमा ध्यान केन्द्रित हुनुपर्छ भनेर अगमवक्ता जकरियाको नीतिले सहयोग गर्न सक्छ। धेरैं वर्षको निर्वासनपछि, यहूदीहरू आखिरमा बेबिलोनबाट आएका थिए। तिनीहरू तुरन्तै मन्दिरको पुननिर्माण सुरु गरेका थिए। तर त्यहाँ त्यस निर्माणको खिलाफमा धेरै विरोधीहरू खडा भएका थिए (एज्रा ४-६मा त्यसको विवरण पाइन्छ)। तर जकिरिया येरुबाबललाई उत्साह दिन यो सन्देश दिएका थिए। मन्दिरको पुननिर्माणको निम्ति यरुबाबेलले नेतृत्व गरेका थिए।

**जकरिया ४ पढ्नुहोस्। जकरिया ४ः६मा परमप्रभुले भन्नुभएको अर्थ के हो? मन्दिरको पूरा निर्माण कार्यमा पवित्र आत्माले कसरी प्रभाव पार्नुहुन्छ? हामीले गर्ने व्यवहारिक काम र पवित्र आत्माको बीचमा के सम्बन्ध छ भनेर त्यसले हामीलाई कसरी सिकाउछ? हेर्नुहोस् " १ जसरी कोही मानिसलाई निद्राबाट जगाइन्छ तब मसित कुरा गर्ने ती स्वर्गदूतले आएर मलाई त्यसरी जगाए। २ तिनले मलाई सोधे, "तिमी के देख्छौ?" मैले जवाफ दिएँ, "जम्मै सुनको एउटा सामदान म देख्तछु। त्यसको टुप्पामा एउटा बटुको छ। त्यसमाथि सात वटा बत्ती छन्, र टुप्पामा भएको प्रत्येक बत्तीमा सात वटा नली गाँसिएका छन्। ३ त्यसको छेउमा दुई वटा जैतूनका रूखहरू, एउटा बटुकाको दाहिनेपट्टि र अर्को त्यसको देब्रेपट्टि छन्।" ४ तब मसित कुरा गर्ने ती स्वर्गदूतलाई मैले सोधें, "हे मेरा प्रभु, यी के हुन्?" ५ तिनले जवाफ दिए, "यी के हुन् भनी तिमी जान्दैनौ?" मैले जवाफ दिएँ, "अँहँ, जान्दिनँ मेरा प्रभु।" ६ *यसैले तिनले मलाई भने, "यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छः 'न त बलले न शक्तिले, तर मेरो आत्माले,' सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ*। ७ "ए शक्तिशाली पर्वत, तँ के होस् र? यरुबाबेलको सामुन्ने तँ मैदान हुनेछस्। अनि उहाँले शिर-ढुङ्गालाई 'परमेश्वरले यसलाई आशिष् दिऊन्!' भन्ने जयजयकारका साथ निकाल्नु हुनेछ'।" ८ तब परमप्रभुको यो वचन मकहाँ आयोः ९ "यस मन्दिरको जग यरुबाबेलका हातले बसालेका छन्, त्यसैका हातले त्यो सिद्ध्याउनेछन्। तब तिमीहरूले जान्नेछौ कि सर्वशक्तिमान् परमप्रभुले मलाई पठाउनुभएको हो। १० "साना कुराहरूको दिनलाई कसले तुच्छ ठान्छ? यरुबाबेलको हातमा तिनीहरूले साहुल देख्दा मानिसहरू रमाउनेछन्। "(यी सात वटा बत्तीचाहिँ परमप्रभुका**

**आँखा हुन्, जसले सारा पृथ्वीमा यताउता हेरिरहन्छन्।)" ११ तब मैले स्वर्गदूतलाई सोधें, "यस सामदानको दाहिने र देब्रेपट्टि भएका यी दुई जैतूनका रूखहरूचाहिँ के हुन्?" १२ फेरि मैले तिनलाई सोधें, "यी दुई जैतूनका हाँगा के हुन्, जो ती दुई सुनका नलीहरूका छेउमा छन् र जसद्वारा सुनको तेल खनिन्छ?" १३ तिनले जवाफ दिए, "यी के हुन् भनी तिमी जान्दैनौ?" मैले भनें, "अँहँ, म जान्दिनँ, मेरा प्रभु।" १४ तब तिनले भने, "यी दुईचाहिँ सारा पृथ्वीका परमप्रभुको सेवा गर्न अभिषेक भएकाहरू हुन्।"**

मन्दिरको निर्माणमा उठेका विरोधीहरूलाई परमप्रभुले रोक्नुभएन। ती विद्रोहरूले ल्याएका तनाव र दवावहरूबाट पनि हरण गरिदिनुभएन। तर जब हामीले काम गर्नेशिलशिलामा विरोधहरू आउँछ तब त्यस बिरोधलाई परमप्रभुमा भर पर्न सिकाउन अग्निज्वालाई उहाँले प्रयोग गर्न सक्नुहुन्छ।

**तब तनाव र दवावहरू आउँछन तब तपाईँको पहिलो प्रतिक्रिया के हुन्छ वा त्यसलाई साम्य पार्न के कदम चाल्नु हुन्छ? टेलिभिजन, मोबाइल, फेसबुक? प्रार्थना? वा परमप्रभुमा पूरा समर्पण? तपाईँको जवाफले तपाँई केमा परिवर्तन भएको आवश्यकताको महसुस गर्नुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः दिदीमा एलेनको पाट्रियार्क एण्ड प्रोफेटस, ५७५-५८०को "एली एण्ड सन्स," र पृ. ६१६-६२६को "प्रिजमशन अभ सावल।"**

हामीहरूका आफ्नै भावना र महत्वाकाँक्षाहरूलाई जब त्याग्छौं वा मारदिन्छौं तब परमप्रभुको इच्छामा हामी समर्पित हुनसक्छौं। यसले गर्दा अरूहरूको सेवा गर्न निश्वार्थ भावना जाग्दछ। बिना त्याग र परमप्रभुको आवाजलाई निरन्तररूपमा सुन्ने बानी भएन भने हामी परमप्रभुको निम्ति जिउन सक्दैनौं। जब हामी परमप्रभुको इच्छामा इमान्दार र सहीरूपमा समर्पित हुन हामी आफैमा भरपर्ने र परमप्रभुको वचन र शक्तिको विकल्पमा अर्कैको वचन र शक्ति प्रवृत्तिको खतराको महसुस गर्नै पर्दछ। इसाई जीवनको सारा केन्द्रविन्दु नै परमप्रभुको इच्छामा समर्पीत हो। विभिन्न कठिन परिस्थितिहरू आउन दिएर उहाँमाथि भरोसा राख्न हामीलाई सिकाउन सक्नु हुन्छ।

"पौराणिक इस्राएलको प्रत्येक बाबु र आमाको ध्यान सरलरूपमा एलीको वेवास्तिर तानिएको थियो। छोराहरूप्रति उनको अपवित्र स्नेह र कजाउन नचाहने स्वभावले उनले तिनीहरूको भ्रष्ट चरित्रको पापको कटानी गरेका थिए। दुवै बाबुआमा र छोराछोरीहरू जो दुष्टकाममा सलंघ्न हुन्छ,

परमप्रभुको अगाडि दोषी ठहरिन्छ। परमप्रभुको वचनलाई वेवास्ता गरेर चल्नेहरू कुनै बलि पा भेटीलाई उहाँले स्वीकार गर्नुहुन्न।"-चाइल्ड गाइडेन्स, पृ. २७६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. हाम्रा पापहरूको निम्ति येशूले पत्यारै गर्न नसकिने गरेर आफूलाई कतिको होच्याउनुभएको थियो र झुक्नुभएको थियो। येशूको यस कदमले अरूहरूको भलाइको निम्ति स्वार्थ त्याग र आफूलाई इन्कार कतिको गर्नुपर्ने रहेछ भनेर हामीलाई सिकाउँदछ। हुन त, येशूले गर्नुभएको जस्तो हामी काम गर्न सक्दैनौं न त हामी येशू नै हौं न त हामी उहाँको प्रतिलिपी हौं, उहाँको अनुसरण गर्नुपर्ने नीति सधैं हाम्रो सामु खडा भइरहेको हुन्छ। हाम्रो आफ्नै परिधिमा, क्रूसमा येशूले देखाउनुभएको अर्पणता र स्वार्थत्यागको नीति कसरी देखाउन सक्षम् हुन सक्छौं?

आ. कतिको निम्ति पछि के हुनेछ भनि थाहै नपाइ परमप्रभुमा अर्पित हुनुभनेको डरलाग्दो हुन सक्छ। परमप्रभुमा भन्दा आफैमा भरपर्ने मानिसहरूलाई तपाईंले कस्तो सरसल्लाह दिनुहुन्छ? भविष्य थाहा नहुने र भविष्यलाई नियन्त्रण गर्न नसक्दा आउँदा डरहरूमा परिरहेका मानिसहरूलाई तिनीहरूको डर हटाउन तपाईंले के सहयोग गर्न सक्नुहुन्छ?

इ. परमप्रभुको इच्छामा समर्पित हुन मुश्किल परिरहेका निम्ति प्रार्थना गर्न केही समय बिताउनुहोस्। तिनीहरूको सम्पूर्ण जीवनको सार्थकता परमप्रभुमा समर्पण गर्नु र हाम्रो उत्तम हित उहाँलाई थाहा छ भन्ने ज्ञान तिनीहरूमा होस् भनेर तिनीहरूको निम्ति प्रार्थना गर्नुहोस्। परमप्रभुको प्रेम र उहाँले उपलब्ध गराउन चाहनुभएको आशिषहरूलाई अरूहरूलाई सुनाउन परमप्रभुले तपाईंलाई कसरी प्रयोग गर्न दिनुहुन्छ?

## कथा १२
## परमेश्वरमामात्र भर पर्नु, ब्राजिल
## मारसेलो



प्रभु येशूलाई आफ्नो हृदय दिएदेखि मारसेलोलाई सबै कुरो ठिक ठिक भएको जस्तो भएको थियो। अनि उनले काम गर्ने कपडा कारखानालाई अर्को व्यवस्थापक समूहले नियन्त्रणमा लियो। अनि त्यसले गर्दा उनको काम धरापमा परेको थियो। नयाँ व्यवस्थापक समितीले हप्ताको कामको घन्टा कम गरियो र सबैले शनिबार थप काम गर्नुपर्छ भन्ने नियम बनायो। मारसेलोले साबथमा काम गर्ने नियत राखेको थिएन। तीन वर्ष अघि उनी र उनकी श्रीमती सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक भएपछि प्रत्येक साबथ विश्वाससाथ पालना गरिरहेका थिए।

मारसेलोले व्यवस्थापकसँग आफूलाई शनिबार छुट्टी दिन अनुरोध गरे, तर उनको अनुरोधलाई अश्वीकार गरियो। सबै कर्मचारीहरू काम गर्नुपर्ने नयाँ तालिकामा सही गर्न लगाएर तर मारसेलो मात्र एक जना थिए जसले त्यसमा सही गरेन। त्यसले गर्दा आफू काम छोड्नुपर्ने परिस्थिति उनले देखे र अनिश्चित भविष्यले उनको दिमागलाई अन्धकार बनायो। अब कामबाट निकालियो भने आफू के गर्ने भन्ने चिन्ता उनले गर्न थाल्यो। आखिरमा चिन्ता गरेर केही फाइदा नहुने देखेपछि उनको मामिला परमेश्वरलाई नै सुम्पिने निर्णय गरे। उनको निम्ति परमेश्वर नै लडुन् भन्ने उहाँको हातमा आफ्नो जीवनको समस्या सुम्पे। जब त्यो निर्णय उनले गरे तब उनका शान्ति छायो। परमेश्वरले उनलाई त्याग्नुहुन्न भन्ने कुरामा उनी निश्चित भयो।

जब कम्पनीले नयाँ नियम लागु गरियो तब उनी अग्निपरीक्षामा परे। पहिलो हप्तामा उनी हप्ताभरी काम गरे तर साबथमा चर्च गए, तर उनका साथीहरू शनिबार पनि काम गर्दै रहे।

जब उनी काममा सोमबार फर्के उनलाई कामबाट अझै निकालेको रहेनछ भनेर छक्क परे। जब दिनहरू बित्यो तब उनलाई के हुने रहेछ भन्ने कुरो उनलाई थाहा भएन। जब तलब लियो तब उनको तलब काटिएको उनले थाहा पाए। कम तलबमा मारसेलो उनी र उनकी श्रीमतीले कसरी जीविका निर्वाह गर्ने उनलाई थाहा भएन। अझ समस्या जटिल बनाउन उनकी श्रीमती दुई जिउ भएकी थिइन्।

अब काम गर्ने कम्पनी उनलाई रमाइलो हुन छाडयो। अझ नरमाइलो बनाउन उनका सहकर्पीहरूले उनलाई जिस्क्याउन थाले र भने, "तपाईं बहुला हुनुहुन्छ, तपाईं अल्छी हुनुहुन्छ।" अझ अर्कोले यो चुनौति दियो, "तपाईंको परमेश्वरले तपाईंलाई के गर्दो रहेछ हेरौं।" तर सबै थोक परमेश्वरमा छोड्ने निर्णय मारसेलोले फेरि गरे। महिनौं महिनासम्म उनी र उनकी श्रीमती विश्वासमा नै जिएर बसे। चर्चका साथी र आफन्तहरूले उनलाई आपतकालिन सहयोग गरेका थिए। तर आर्थिक भार खप्न गाऱ्हो भइरहेको थियो। यद्यपि जेभएतापनि सबै थोक परमेश्वरको हातमा सुम्पिने र उहाँप्रति बफादार भएर बस्ने अडानमा उनी लागिरहे।

केही समयपछि मारसेलोका सहकर्मीहरूले उनलाई जिस्क्याउन छोडे। परमेश्वरप्रति उनको बफादारिता र लगनशीलताप्रति तिनीहरूले सराहना गर्न थाले। तिनीहरूले उनलाई सहयोग पनि गर्न थाले। एक दिन उनका साथीहरूलाई व्यवस्थापकलाई मार्सेलोले शनिबार काम नगरेपनि पूरा तलब पाओस् भनेर बिन्तिपत्र चढाए, तर त्यसको जवाफ तिनीहरूले पाएन।

त्यसरी नै दुई वर्ष बित्यो, परमेश्वरले मारसेलो र उनको परिवारलाई त्यागनुभएको थिएन। भजनसँग्रहमा लेखेको यो वचन उनमा पूरा भएको उनले महसुस गरे, " म जवान थिएँ, अब म वृद्ध भएको छु, तर धर्मी जनहरू त्यागिएका वा तिनका सन्तानले मागेर खानुपरेको मैले कहिल्यै देखेको छैनँ।" भजन ३७:२५।

परमेश्वरलाई इज्जत दिएकोले उहाँले मारसेलोलाई पनि सम्मान गर्नुभयो। एक दिन उनले व्यवस्थापकबाट अपेक्षा नगरिएको पत्र पाए। आफूहरूले उनलाई अन्याय गरेको र उनको तबलको सोधभर्ना दिने निर्णय त्यसमा लेखिएको थियो। त्यसको साथै साबथमा परमेश्वरको आराधना गर्ने उनको अधिकारलाई तिनीहरूले सम्मान गर्ने पनि निर्णय गरेको त्यस पत्रमा थियो। मार्सेलो र उनकी श्रीमतीले त्यो पत्र पाएपछि तिनीहरू हर्षले भावविभोर भए। परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नुभएकोमा तिनीहरूले उहाँलाई धन्यवाद दिए।

मार्सेलो त्यस कम्पनीमा अर्को १४ वर्षसम्म काम गरे। उनले यो गवाही दिन्छन्, "परमेश्वरको सेवा गर्नु दामी रहेछ भनेर म अठौटसाथ भन्न सक्छु। परमेश्वरको अनुग्रहले त्यस कम्पनीमा मैले छाप छोड्न पाएकोमा परमेश्वरको कारणले हो भनेर म ठोकुवा गर्न चाहन्छु। उहाँप्रति म बफादार भएकोले र मेरा अनुभवहरूले धेरै सहकर्मीहरूले परमेश्वरको बारेमा सिक्न पाएका थिए। मेरो परमेश्वरले के गर्न सक्दोरहेछ भनेर तिनीहरूले देखेका थिए।"

-आन्ड्र्यु मेकचेस्ने